KRIPA NATIONAL DAILY
कृपा
राष्ट्रिय दैनिक
e-kripa.com
बर्ष १९, अंक-१८९ बारा, २०७९ भदौ २० गते सोमबार/ दशमी /नेपाल संवत् ११४२ / Monday, Sep. 5 2022/पृष्ठ ४ /मूल्य रू. ५/- पाँच

# नेकपा एमालेव्दारा बाराका ४ वटै निर्वाचन क्षेत्रबाट उम्मेदवारको नाम सिफारिस



निजगढ, १९ भदौ /नेकपा एमालेले आगामी मंसिर ४ गते हुने प्रतिनिधि सभा सदस्य पदको उम्मेदवारहरुको लागि बारा जिल्लाका ४ वटै निर्वाचन क्षेत्रबाट उम्मेदवारको नाम सिफारिस टुङ्ग्याएको छ।

जिल्लाका ४ वटै निर्वाचन क्षेत्रमा आइतवार एकपटक बसेको क्षेत्रीय कमिटी बैठकले उम्मेदवारहरुको नाम सिफारिस गरेको हो।

बैठकले क्षेत्र नम्बर १ बाट प्रतिनिधि सभा सदस्यको लागि प्रतक्षतर्फको निर्वाचनमा अच्युत मैनाली, पुरुषोत्तम पौडेल र मन्जुदेबी साहको नाम सिफारिस गर्ने निर्णय गरेको छ।

प्रतिनिधि सभा सदस्यमा सिफारिस भएका मैनाली र पौडेल नेकपा एमाले पोलिटब्युरो सदस्य र मन्जुदेवी साह जिल्ला कमिटीको सदस्य हुनुहुन्छ। बैठकले समानुपातिकतर्फ अन्जु नेपाली, दुर्गादेवी घिमिरे, बद्री भट्टराई र पलटप्रसाद चौधरीको नाम सिफारिस गर्ने निर्णय गरेको छ। नेकपा एमाले जिल्ला सचिवालय कमिटी सदस्य एंव क्षेत्रीय कमिटीका संयोजक भरत भण्डारीले बैठकको निर्णय सार्वजनिक गर्नुभएको हो।

बैठकमा एमाले नेता पौडेल र मैनालीले आगामी निर्वाचनको लागि पार्टीले जसलाई टिकट दिए पनि सबै मिलेर जिताउनुपर्ने बताउनुभएको छ।

त्यसैगरी एमालेले क्षेत्र नम्बर २ बाट प्रतिनिधिसभा सदस्य प्रतक्ष्य

बाँकी तेश्रो पेजमा

# मध्यरातमा डाँका समुहसँग प्रहरीको झडप, प्रहरीसहित ३ जना घाइते

पुष्पराज खतिवडा

मनहर्वा,१९ भदौ /बाराको जीतपुरसिमरा उपमहानगरपालिका वडा नम्बर २३ भलुहीमा शनिवार राती डाँका समुह र प्रहरीबीच झडपसंगै दोहोरो गोली हानाहान भएको छ। मध्यरातमा भएको झडपमा परि प्रहरीका एक वरिष्ठ सइ घाइते भएका छन भने दुई जना डाँका पक्राउ परेका प्रहरीले जनाएको छ। जिल्लाको जीतपुरसिमरा उपमहानगरपालिका वडा नम्बर २३ मा रहेको एरोटेक कारखानामा लुट्पाट गर्न आएको डाँका समुह र प्रहरीबीच राती साँडे १२ बजेको समयमा झडप भएको हो। कारखानामा १३/१४ जनाको समुहले गेटमा रहेका कम्पनीका सुरक्षा गार्डलाई कुटपिट गरी डाँकाजनी गरिरहेको खबर प्रहरीले पाएको थियो

खबर प्राप्त हुनासाथ वरिष्ठ सइ कमलबहादुर शाहीको कमाण्डमा घटनास्थलमा पुगेको प्रहरी टोलीमाथि डाँका समुहले गोली प्रहार गरेपछि प्रहरीले पनि जवाफी फायर गरेको थियो। सोही क्रममा थप मद्दतमा पुगेको सुरक्षा टोलीले डाँका समुहका दुईजनालाई



नियन्त्रणमा लिएको जिल्ला प्रहरी कार्यालय बाराका प्रहरी प्रमुख एवंव प्रहरी उपरीक्षक होबिन्द्र बोगट्टीले जानकारी दिनुभयो।

डाँका समुहले प्रहार गरेको फलामको रडले लागेर ईलाका प्रहरी कार्यालय जीतपुरका बरिष्ठ सही शाही घाइते हुनुभएको छ। शाहीको पर्साको वीरगन्जस्थति वीरगन्ज हेल्थ केयरमा उपचार भइरहेको छ। डाँका समुहको रड प्रहारबाट वरिष्ठ सइ शाहीको टाउकोमा गहिरो चोट लागेको छ। उहाँको अवस्था सामन्य रहेको प्रहरी उपरीक्षक बोगट्टीले जानकारी दिनुभयो

यस्तै घाइते अवस्थामा पक्राउ परेका डाँका समुहका दुईजनाको सिमरास्थित अल्पाईन अस्पतालमा उपचार भइरहेको छ। झडपका क्रममा डाँका समुहले एक राउण्ड र प्रहरीले तीन राउण्ड गोली चलाएको थियो।

पक्राउ परेका डाँकाका साथबाट प्रहरी एकथान कट्वा पेस्तोल,सोमा लाग्ने ३ थान गोली र केहीथान घरेलु हतियार बरामद गरेको उपरीक्षक बोगटीले जानकारी दिनुभयो।

पक्राउ परेका डाँकाहरुको विवरण गोप्य राखी घटनाको थप अनुसन्धान भइरहेको उहाँले बताउनुभयो।

# गाँजा बोकेको ट्रकसहित अमलेखगंजबाट २ जना पक्राउ

बारा, १९ भदौ /जिल्ला प्रहरी कार्यालय बाराले ठूलो परिमाणमा गाँजा बोकेको ट्रक सहिज दुई जनालाई पक्राउ गरेको छ।

बिशेष सूचनाको आधारमा आइतवार दिउसो ४ बजेको समयमा ईलाका प्रहरी कार्यालय अमलेखगंजबाट खटिएको प्रहरी टोलीले जीतपुरसिमरा उपमहानगरपालिका वडा नम्बर २१ अमलेखगंजस्थित हेटौडा(पथलैया सडक खण्डमा आवतजावत गर्ने सवारी साधनहरू चेकजाँच गर्ने क्रममा ३४ किलोग्राम गाँजा र ट्रकसहित दुई जनालाई पक्राउ गरेको हो।

हेटौडाबाट पथलैयातर्फ आउदै गरेको प्र.३(०१(००३ क ६९०६ नम्बरको मिनी ट्रक रोकी चेकजाँच गर्दा ट्रकको पछाडिको भागमा बिस्कुटको कार्टुनसँगै रातो प्लाष्टिकभित्र



हाली प्लाष्टिकको डोरीले बाँधी पोका बनाएर लुकाइछिपाई राखेको अवस्थामा अवैध गाँजा बरामद गरिएको जिल्ला प्रहरी कार्यालय बाराका प्रहरी उपरीक्षक होबिन्द्र बोगटी बताउनुभयो।

# एउटै निर्वाचन क्षेत्रमा श्रीमान्-श्रीमती र बहिनी उम्मेदवार सिफारिस



सिमरा, १९ भदौ / बारा कांग्रेसले निर्वाचन क्षेत्र ४ (क) को लागि एकै परिवारका तीनजनाको नाम सिफारिस गरेको छ।

प्रत्यक्षतर्फ सिफारिस भएका छविलाल शर्माकी श्रीमती गीता शर्मा तथा बहिनी मीना शर्मा (ढकाल) समानुपातिकतर्फ सिफारिस भएका हुन्

बारा क्षेत्र नम्बर ४ (क) का क्षेत्रीय सभापति सुमनकुमार भट्टराईले कार्यकर्ताको मन राख्नकै लागि मापदण्डलाई बेवास्ता गरेको स्वीकार गर्नुभयो। प्रदेशसभा क्षेत्रीय कार्यसमिति बाराको शनिबारको बैठकले प्रत्यक्षतर्फ ९ जना र समानुपातिकतर्फ १८ जनाको नाम सिफारिस गरेको हो।

एउटै परिवारका तीनजनासम्म सिफारिश भएको सन्दर्भमा आकांक्षीले सोच्ने कुरा भएको तर्क गर्नुभयो। आफूहरुले त किन मन दुखाउने भनेर जो(जो आए सबैको नाम पठाएको उहाँले बताउनुभयो।

अधिकतम ३ जनाको नाम सिफरिस गनुपर्ने पार्टीको निर्देशन भए पनि आकांक्षी उम्मेदवारको संख्या धेरै भएका कारण यति धेरैको नाम सिफारिस गरेको उहाँको भनाइ छ.।

प्रत्यक्षतर्फका दावेदार ९ जना उम्मेदवार मध्येका ओमकृष्ण कार्की २०७४ को निर्वाचनमा तत्कालीन नेकपा

बाँकी तेश्रो पेजमा

# रेडक्रस दिवसको अवसरमा रक्तदान




निजगढ, १९ भदौ /रेडक्रस दिवसको अवसरमा निजगढमा आइतवार नेपाल रेडक्रस सोसाइटी निजगढ उपशाखाले रक्तदान कार्यक्रमको आयोजना गरेको छ।

नेपाल रेडक्रस सोसाइटी निजगढ उपशाखाले आयोजना गरेको सो

बाँकी तेश्रो पेजमा

# श्रोत नखुलेको ७ लाखसहित जीतपुरका कुर्मी वीरगन्जबाट पक्राउ

नवीन चौधरी

वीरगन्ज, १९ भदौ /श्रोत नखुलेको ७ लाख नेपाली रूपैया सहित बाराको जीतपुर बजारका एकजनालाई पर्सा प्रहरीले पक्राउ गरेको छ।

पक्राउ पर्नेमा जीतपुर सिमरा उपमहानगरपालिका वडा नम्बर ७ बस्ने वर्ष ५० को हरिनारायण प्रसाद कुर्मी रहेका छन। विषेश सूचनाको आधारमा जिल्ला प्रहरी कार्यालय पर्साबाट क्राईम ब्रान्च प्रमुख प्रहरी निरीक्षक प्रज्वल थपलियाको कमाण्डमा खटिएको प्रहरी टोलीले सीमावर्ति भारतीय शहर



रक्शौलबाट वीरगन्जतर्फ आइरहेको ना २८ प २८९० नम्बरको मोटरसाइकललाई रोकेर चेकजाँच गर्दा

बाँकी तेश्रो पेजमा

राष्ट्रिय स्तरका पत्रपत्रिकामा आएका सूचना, शेयर सम्बन्धि जानकारी,र समाचारको लागी हेरौं www.ekripa.com

## सम्पादकीय........

# सेवा प्रवाहमा विरोध नगरौं

बाराको सिम्रौनगढमा हालै मालपोत कार्यालयको सेवा बिस्तार भएपछि बाराकै केही गाउँपालिका र पालिकाका स्थानीयहरुले विरोध गरेका छन् । थानीयलाई घरदैलोबाट नै सेवा प्रदान गर्ने उद्देश्यले सिम्रौनगढमा सरकारले मालपोत कार्यालयको स्थापना गरेर सेवा सुरु गरेको हो ।सबैलाई थाहा छ,मालपोत कार्यालय भनेको आम नागरिकहरुको सेवा लिनेदिनेसंग प्रत्यक्ष सरोकार राख्ने कार्यालय हो ।

बाराको सिम्रौनगढ ऐतिहासिक स्थल भएपनि जिल्लाको विकासको सवालमा भने सुदूर र दर्गम नै छ । त्यसैले पनि सिम्रौनगढमा सेवा बिस्तार हुदैमा आपत्ति जनाउनुहुन्न ।

तर,यसो भन्दैमा फेरि अन्य पालिकाका स्थानीयहरुको पनि भावनाको संबोधन हुन आवश्यक छ । मालपोत कार्यालय होस् वा अन्य कुनैपनि सरोकार कार्यालय नागरिकहरुको पायक पर्ने स्थानमा राखिनु पर्दछ । एउटाले भएन भने दुई,चारवटा कार्यालय स्थापना गरेर भएपनि नागरिकहरुलाई सेवा प्रवाहको सवालमा स्पष्ट नीति बनाउनु पर्छ । स्थानीयले आफूहरुले पहिलेपहिले कलैयाबाट पाउदै आएको सेवा सिम्रौनगढमा सरेपछि थप अपायक परेको गुनासो गरेका छन । यदि सच्चिकै सिम्रौनगढ मालपोत कार्यालयमा परेपछि अपायक परेको हो भने त्यसको सुधार पनि हुनुपर्छ । मुख्य कुरा नागरिकले छिटो छरिता र सहजरुपमा सेवा पाउनुपर्छ भन्ने नै हो ।

यसैका आधारमा राजनीति वा पूर्वाग्रह भने राख्नु हुन्न । सिम्रौनगढमा सेवा गयो वा आफ्नोमा भएन भनेर विरोध गर्नुभन्दापनि सबैले सहज रुपमा सेवा पाउनु पर्छ । कलैयामा जिल्ला मालपोत कार्यालय पनि छ । कहाँका नागरिकहरुका लागि यो सहज हुन्छ यो पनि महत्वपूर्ण कुरा हो । त्यसैले पनि सेवा प्रवाह अझै बिस्तार होस् तर विरोध नहोस् ।


## सेवाको लागि सम्पर्क गरौ

१. अर्डर अनुसारको स्टेशनरी लगायत अर्डर सामाग्री सप्लाई गर्ने कार्य गरिन्छ ।
२. राष्ट्रिय र स्थानीय पत्र-पत्रिकामा सूचना प्रचार-प्रसार /प्रकाशित) गर्ने कार्य गरिन्छ ।
३. मल्टिकलर प्रिन्टिङ्ग, बिल-बुक, लेटर-प्याड, रजिस्टर, मल्टिकलर तथा जेनरल भिजिङ्टि कार्ड, मल्टिकलर तथा जेनरल प्रमाण-पत्र, अर्डर अनुसार सेल्फ ईंक स्ट्याम्प लगायत अर्डर अनुसारका सामानहरू उपलब्ध गराईने छ ।
४. बिभिन्न किसिमका खादा, रिबन अतिथि ब्याच वा प्लाष्टिकको ब्याच, मायाको चिनो, आई डि कार्ड मल्टिकलरमा अर्डर अनुसार प्रिन्टिङ्ग कार्य गरिन्छ ।
५. सहकारी संस्था चलाउँदा आवश्यक पर्ने सम्पूर्ण खाता बहीहरू तयारी अवस्थामा बिक्रीको लागि राखिएको छ ।
६. ल्यापटप, सिसि-क्याम्रा, हाजिरी मसिन, प्रिन्टर, स्कुलको स्मार्ट बोर्ड बिक्रीको लागि राखिएको छ ।
७ सेनिटरी प्याड, फर्निचर, ईनजिनियरीगंका सामानहरू बिक्रीको लागि राखिएको छ ।
८ रबर स्टाम्प, सेल्फ कलर स्टाम्प बनाउनु परे, ज्याकेट टोपी, टि-सर्ट, मायाको चिनोमा कलर प्रिन्ट गराउनु परे सम्पर्क गर्नु होला

सम्पर्क

के. एस मल्टिप्रपोज प्रा.लि.

वीरगंज-१३, पर्सा ,९८५५०२१८८६, ९८४३११३४३५


# यसकारण कल्याणकारी राज्य

□ जीएस स्मिथ

कल्याणकारी राज्यको उद्देश्य जनताको स्तर माथि उठाई उनीहरूलाई खुसी बनाउनु हो। यसले व्यक्तिवाद र समाजवाद दुवैलाई समन्वय गर्छ।

जनहितको सर्वोच्चतालाई स्वीकार गरी प्रत्येक जनताको आधारभूत मानवअधिकारलाई अंगीकार गरेको राज्य कल्याणकारी राज्य हो। जसले उत्पादन र वितरणको सन्तुलन, सामाजिक न्याय, मानवअधिकार र जनतालाई स्तरीय सेवा प्रदान गर्दै आफूलाई जनहितमा समर्पित गर्छ। नागरिकको आर्थिक एवं सामाजिक उन्नतिमा महत्वपूर्ण भूमिका निभाउँछ। अवसरको समानता, धन सम्पत्तिको समान वितरण तथा नागरिकका लागि न्यूनतम जीवनस्तर उपलब्ध बनाउनुलाई उत्तरदायित्व सम्झन्छ। कल्याणकारी राज्यको तात्पर्य कुनै विशेष वर्गको कल्याण नभएर सम्पूर्ण जनताको कल्याण हो। प्राध्यापक एजे लास्कीका अनुसार लोक कल्याणकारी राज्य समाजको यस्तो संगठन हो, जसमा सबैको सामूहिक रूपमा आधिकारिक हित निहीत हुन्छ।

### कल्याणकारी राज्यको पृष्ठभूमि

१८औंदेखि १९औं शताब्दीमा व्यक्तिवादी विचार हावी हुँदै गयो। यसले राज्यको भूमिकालाई सीमित गर्नुपर्ने कुरामा जोड दियो। व्यक्तिवादी विचारकका अनुसार राज्यको कार्य एक अनिवार्य कार्यमा मात्रै सीमित हुनुपर्छ। जस्तैः देशलाई बाह्य आक्रमणबाट रक्षा गर्न, शान्ति तथा सुव्यवस्था कायम गर्न, कानुन निमार्ण गर्न। व्यक्तिवादी विचारअनुसार योभन्दा बाहिर राज्यको उपस्थिति हुन आवश्यक देखिएन। आर्थिक क्षेत्रमा लेसेज फेयर ( अहस्तक्षेप) हुँदा पुँजीवादको तीव्र विकास भयो। उत्पादनको लाभ थोरै व्यक्तिमा केन्द्रित भई समाज धनी र गरिब वर्गमा विभाजित भयो।

यसबीच केही देशमा लोकतन्त्रको प्रयोग हुन थाल्यो। लोकतन्त्रको विकास भनेकै व्यक्तिवाद तथा समाजवादबीचको मध्यमार्ग हो। खास लोकतन्त्रवादीहरूको मत न राज्यको कार्यक्षेत्र सम्पूर्ण कुरामा हुनुपर्छ भन्ने थियो। न त राज्यलाई पूर्ण नियन्त्रणमा राखी व्यक्तिलाई प्राथमिकतामा राख्नुपर्छ भन्ने नै। राज्यले यस्ता व्यापक कार्य गर्नुपर्छ जुन जनताको सर्वांगीण विकासका लागि होऊन्। लोकतन्त्रको पूर्ण परिभाषा अब्राहम लिंकनले दिएका छन्– 'जनताको जनताबाट जनताका लागि।' तर त्यो सधैं जनताका लागि भएन। लोकतन्त्र सधैं तानाशाही व्यवस्थाको विकल्प मात्र भइरह्यो। यस परिप्रेक्षमा अझै उन्नत पद्धतिको खोजी र चासोको परिणामस्वरूप कल्याणकारी राज्यको बहसको आवश्यकता महसुस भइरह्यो।

### लोक कल्याणकारी राज्यको विकासक्रम

सर्वप्रथम कल्याणकारी शब्दको प्रयोग आर्क विसप टैनिलले आफ्नो पुस्तक 'सिटिजन एन्ड चर्च मेन' मा गरेका हुन्। लोक कल्याणकारी राज्यका अग्रदूत ग्रिन वुडलाई मानिन्छ। उनले नै सर्वप्रथम अज्ञानता, दरिद्रता र नशाखोर यी तीन अवस्थाका उपचारमा राज्यले नै जबर्जस्ती पहल लिनुपर्छ भनी वकालत गरेका थिए। यही मान्यताअनुरूप बेलायतका तत्कालीन स्वास्थ्यमन्त्री सर हेनरी अर्मस्टडले विश्वयुद्धको दौरानमा आफ्नो देशको सामाजिक सेवा वा कल्याणकारी स्थिति कस्तो छ ? भनी पत्ता लगाउन विलियम बेवरिजको नेतृत्वमा एउटा कार्यदल बनाए। अनुसन्धानपछि बेवरिजले बेलायतका पाँच समस्या र तिनको निदानसहितको रिपोर्ट (१९४३) सार्वजनिक गरे।



बिरामी, बेरोजगारी, भोकमरी, अज्ञानता र आश्रय अभाव उक्त रिपोर्टमा औंल्याइएका पाँच सामाजिक समस्या थिए। बेलायतमा यो रिपोर्ट निकै चर्चा र बहसको विषय बन्यो। लेबर पार्टी यसको समर्थनमा त थियो। लेबर पार्टीले यही रिपोर्टलाई नारा बनायो। लगत्तै भएको चुनावमा उसैले बढी स्थान जित्यो। जसका नेता क्लिमेन्ट एट्ली प्रधानमन्त्री भए। क्लिमेन्टले सन १९४५-५१ सम्मको शासन अवधिमा यो रिपोर्टको कार्यान्वयन गरे। र, बेलायतलाई कल्याणकारी राज्यको मापदण्डमा प्रवेश गराए। यसरी बेलायत आधुनिक कालको प्रथम कल्याणकारी मुलुकको रूपमा चिनिन्छ भने कल्याणकारी राज्यको आधार स्तम्भको रूपमा यही बेवरिज रिपोर्टलाई लिइन्छ। जनजिवीकाको सवालमा राज्यभन्दा ठूलो अभिभावक अरू कोही हुन नसक्ने भएकाले राज्यमा नवउदारवाद वा संसारबाट लुप्तप्रायः भइसकेको शास्त्रीय समाजवादको ठाउँमा कल्याणकारी राज्य नै अपरिहार्य बनिसकेको छ।

### कल्याणकारी राज्यको उद्देश्य

कल्याणकारी राज्यको उद्देश्य जनताको स्तर माथि उठाई उनीहरूलाई खुसी बनाउनु हो। यसले व्यक्तिवाद र समाजवाद दुवैलाई समन्वय गर्छ। कल्याणकारी राज्य आधुनिक पुँजीवाद र साम्यवादको अतिवादबाट मुक्त छ। यो सामूहिकता र सामाजिकतामा केन्द्रित प्रतिस्पर्धासहितको शासन व्यवस्थामा आधारित समाज व्यवस्था हो। यसले मानवतालाई केन्द्रविन्दुमा राखेको हुन्छ। प्रजातान्त्रिक समाजवादसँग नजिकको वैचारिक साइनो गाँस्ने कल्याणकारी राज्य शासन व्यवस्थालाई प्रायोगिक रूपमा कार्यान्वयन गर्न सकिने व्यावहारिक समाज व्यवस्था हो। राज्यको कल्याणकारी सिद्धान्तले जनताको सर्वोपरी हितका आधारमा शासन गर्ने राज्यको स्वरूपलाई जनाउँछ। राज्यले नागरिकको आर्थिक, सामाजिक, नैतिक र मानसिक विकासका लागि आवश्यक जिम्मा लिन्छ। समाजमा शोषणको अन्त्य गरी मानिसको सर्वांगीण विकासका लागि आवश्यक व्यवस्था मिलाउँछ। यसले हामी सबैका लागि हौं र सबै हाम्रा लागि हुन् भन्ने भावनाको विकासमा जोड दिन्छ।

### कल्याणकारी राज्यको गुण

सामाजिक न्यायः अवसरहरूको समान वितरणले मात्र समाज सन्तुलित रूपमा अगाडि बढ्न सक्छ। त्यसैले कल्याणकारी राज्यमा अवसरको समान वितरण गरिन्छ। जनतालाई समान अवसर नदिने हो भने समाजमा अनेकौं विकृति र अपराधजन्य कार्यहरू जन्मन थाल्छन्। मानिसलाई चोरी गर्नैपर्ने, झुटो बोल्नैपर्ने बाध्यता आउन सक्छ। जब मानिस भोको हुन्छ, पेट भर्नकै लागि अपराध कार्य गर्नुपर्ने हुन सक्छ। तब राज्यमा सबैलाई न्यूनतम आवश्यकताको परिपूर्ति गरिँदैन, गरिबी हटाइँदैन। त्यहीबाट पापकर्म जन्मिछन् र समाज अराजकतातिर उन्मुख हुन्छ। त्यसैले कल्याणकारी राज्य समाजिक न्यायको सन्दर्भमा सधैं सजग रहन्छ।

राज्यको प्रगतिशील धारणाः अन्धविश्वास, जातीय भेदभाव, पक्षपात, शोषण, दमन र उत्पीडन कल्याणकारी राज्यका चुनौती हुन्। यी समस्याहरूले राज्यलाई गन्तव्यमा पुग्न दिँदैनन्। त्यसैले कल्याणकारी राज्यले सबैभन्दा पहिले यी र यस्ता समस्यालाई हटाउनु पर्छ। तर समाजमा सदियौंदेखि जात, वर्ग र अन्धविश्वासले राज्यहरू पूर्णरूपमा प्रगतिशील बन्न सकेका छैनन्। समाजमा अन्धविश्वासलाई सामाजिक मान्यता रहुञ्जेलसम्म राज्यको प्रगतिशील रूपान्तरण सम्भव छैन।

आत्मनिर्भरताः आर्थिक रूपमा आत्मनिर्भरता मानव जीवनको अनिवार्य पाटो हो। आत्मनिर्भर नबनेसम्म समाज अभावमा प्रताडित हुने भएकाले यस्तो समाजले अपराधलाई निमन्त्रणा गर्छ। अपराधीलाई जति कडा सजाय दिए पनि आर्थिक समस्या समाधान नभएसम्म अपराध समाप्त हुँदैन। समाजमा अपराध कम गर्न जनतालाई स्वावलम्बी र आत्मनिर्भर बनाउनै पर्छ। कुटदन्त सूत्रअनुसार अपराधीलाई सजाय दिएर अपराध कम गर्नुभन्दा उनीहरूको आर्थिक सुधारका लागि काम गर्नुपर्छ। त्यसैले कल्याणकारी राज्यको नभई नहुने गुण आत्मनिर्भरता हो।

सेवामुखी राज्यः कल्याणकारिता नै सेवा भएकाले कुनै पनि कल्याणकारी राज्य सेवामुखी नै हुन्छ। सेवा दुई किसिमका हुन्छन्। एक व्यक्तिले अर्को व्यक्तिलाई गर्ने सहयोग व्यक्तिगत सेवा हो। व्यक्तिलाई राज्यको तर्फबाट गरिने सहयोग राजकीय सेवा हो। लोक कल्याणकारी राज्यले यी दुवै सेवाको अनिवार्यता ठान्छ। व्यवहारिक प्रयोग पनि गर्छ। राज्यले जनतालाई सकेसम्म सेवा दिनुपर्छ। जनताका आधारभूत आवश्यकता परिपूर्ति गर्न राज्यले उत्तरदायित्व सम्झनु पर्छ। यस्तो राज्यमा मात्र कोही दुःखी हुँदैनन्। निस्वार्थ सेवा गर्ने कुरालाई सबैले कर्तव्य ठान्न सकेको खण्डमा मात्र त्यो राज्य सेवामूलक र कल्याणकारी हुन्छ।

### नेपाललाई कल्याणकारी राज्य बनाउने आधार

जमिनमा सबैको पहुँचः दुई शताब्दीभन्दा बढी लामो विभेद शोषण र सामन्ती भूमि व्यवस्थाले नेपालमा गम्भीर भूमिहीनता जन्माएको छ। यूएनडीपी मानव विकास प्रतिवेदन २००४ ले नेपालमा लगभग २९ प्रतिशत ग्रामीण घरपरिवारसँग खेतीयोग्य जमिनको स्वामित्व नभएको देखाएको छ। अन्य अनुसन्धान प्रतिवेदनमा पनि १० प्रतिशत नेपाली पूर्ण भूमिहीन छन्। नेपालमा भूमिहीनताले जनतालाई निरपेक्ष गरिबीको रेखामुनि त पार्ने नै भयो। यसले जीवनयापनको पर्याप्त स्तरको अधिकारमा फरक पारेको छ भने अर्को भूमिहीनताले मोहीको शोषण, न्याय प्रणालीमा पहुँच राख्न नसक्ने असक्षमता निम्त्याउँछ। र, अस्तित्वमा रहेको विभेदप्रति अझ बढी ग्रहणयोग्य बनाउँछ। तसर्थ कल्याणकारी राज्यका लागि जमिनमा सबैको समान पहुँच एक अनिवार्य सर्त हो।

शिक्षा र स्वास्थ्यमा एकद्वार प्रणालीः शिक्षा र स्वास्थ्य दुवैलाई सेवा मान्नुपर्छ, व्यापार होइन। व्यापारले फाइदा मात्र हेर्छ, सेवाको बेवास्ता गर्छ। शिक्षा र स्वास्थ्य सबैले किन्न सक्तैनन् तर किन्न नसक्नेले पनि पढ्न पाउनु पर्छ। पैसा नहुने पनि उपचार गर्न पाउनु पर्छ। बाँच्न पाउनु पर्छ। व्यापारीले नाफा मात्र हेर्छ। घाटा खाएर जनतालाई शिक्षा र स्वास्थ्य सेवा उपलब्ध बनाउन कोही अग्रसर हुँदैन। राज्यले गरिब-धनी सबैलाई शिक्षा र स्वास्थ्य सेवा दिन्न भन्न मिल्दैन। तर, नेपालको सन्दर्भमा शिक्षा र स्वास्थ्यजस्तो राज्यको आधारभूत तत्वलाई निजीकरण र व्यापारीकरण गरेर यति महँगो बनाइएको छ कि सर्वसाधारणका लागि सम्मानजक शिक्षा सोच्नै नसक्ने छ। त्यसैले राज्यले सर्वसाधारणको न्यूनतम मानवअधिकारलाई सम्मान गर्दैनः शुल्क र गुणस्तरीय शिक्षा र स्वास्थ्यसेवा एकद्वार प्रणालीबाट सञ्चालन गर्नुपर्छ।

सामाजिक लोकतन्त्रको प्रत्याभूतिः लोकतन्त्र संस्थागत संरचनाको रूपमा मात्र रहने होइन कि जनताको जीवनशैलीको रूपमा रहनुपर्छ। लोकतन्त्र जीवनशैली नबनेको खण्डमा संस्थागत लोकतन्त्र टिक्न सक्तैन। लोकतन्त्र सहजीवनको एउटा त्यस्तो ढाँचा हो, जसले प्रत्येक मानवलाई समान रूपले आफ्नो विचार, इच्छा र स्वतन्त्रतालाई खतरामा नपारी अधिकतम सम्भावित सीमासम्म आफ्ना सीमाहीन सम्भाव्यताको विकास गर्न समर्थ बनाउँछ। तर, नेपालमा मन्दिर प्रवेश गरेकै कारणले भीमबहादुर मारिन्छन्। प्रेम गरेकै कारण नवराज मारिन्छन्। विद्यालयबाट फर्किंदा किशोरी बलात्कृत हुन्छिन्। यस्तो अवस्थामा सामाजिक लोकतन्त्रको प्रत्याभूति दिलाउनु नै कल्याणकारी राज्य निर्माणको पूर्वसर्त हुन्छ।

शक्तिशाली सुशासन आयोग : नेपालमा सुशासनको अभावमा राज्यका हरेक संरचना बेकम्मा सावित भएका छन् भने राज्यको काम कार्बाही अस्तव्यस्त। अर्कोतिर हरेक प्रशासनिक अंगमा भ्रष्टाचारको जालोले देशलाई खोक्रो बनाएको छ। यसलाई नियन्त्रणको लागि सजिलो सूत्र छैन। हामीसँग भएको अख्तियार दुरुपयोग अनुसन्धान आयोग राजनीतिक पार्टीको भर्तीकेन्द्र मात्र भएको छैन नेताहरूको सुरक्षा कवज पनि। यस्तो निरीह आयोगले भ्रष्टाचारलाई नियन्त्रण गर्न सक्तैन। तसर्थ स्वतन्त्र र प्रबुद्ध व्यक्तिको नेतृत्वमा स्वायत्त र शक्तिशाली सुशासन आयोग निर्माण गर्नुपर्छ। यसरी राज्यको स्रोत र साधनको समूचित उपयोग गरेर समन्यायिक काम गरेमा कल्याणकारी राज्यको आधार तयार हुन्छ।

अन्तमाः हर्बट स्पेन्सरले भनेका थिए- 'पहिले उदारवादको कार्य राजाहरूको शक्ति सीमित गर्ने थियो। भविष्यको उदारवादको कार्य व्यवस्थापिकाको शक्ति सीमित गर्ने हुनेछ।' नभन्दै आज उदारवाद यति विकृत पुँजीवादमा रूपान्तरण भइदियो कि व्यक्ति राज्यभन्दा शक्तिशाली हुन थाले। सरकार र राज्यलाई बिचौलिया र दलालहरूले चलाउने भएपछि के भन्ने ? यसको सबैभन्दा दुःखद् पक्ष यो हो कि आज संसारका एक प्रतिशत मानिससँग ९९ प्रतिशत सम्पत्ति छ। एक प्रतिशत मानिसको सम्पत्तिप्रतिको आशक्तिका कारण संसारमा ९९ प्रतिशत मानिसले निकै कष्टकर र अभावको जिन्दगी बाँचिरहेका छन्। अभाव र जटिल जीवन बिताइरहेका ९९ प्रतिशत मानिसलाई न्याय दिन सक्ने कल्याणकारी राज्यले मात्रै हो । साभार : अन्नपूर्णपोष्ट

# चुनाव लगत्तै सडकमा जान्छु : प्रचण्ड

काठमाण्डौ १९ भदौ / नेकपा (माओवादी केन्द्र) का अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डले आउँदो प्रदेश सभा र प्रतिनिधि सभा चुनाव लगत्तै आफू सडक सङ्घर्षमा जाने घोषणा गर्नुभएको छ। निर्वाचन प्रणाली र शासकीय प्रणाली बदल्दै देशलाई रूपान्तरण गर्न आफू चुनावपछि लगत्तै सडक सङ्घर्षमा जाने उहाँको भनाइ थियो।

आइतवार काठमाण्डौमा आयोजित 'समाजवादको नेपाली मार्गचित्र' विषयक विचार गोष्ठीमा बोल्दै प्रचण्डले सङ्घीयता, गणतन्त्र र धर्मनिरपेक्षतामाथि प्रहार भएकाले आफू सबैभन्दा बढी छटपटीमा परेको र त्यसको निकासका लागि चुनाव लगत्तै आफू र आफ्नो नेतृत्वमा सडक आन्दोलनमा जाने योजना आफूले पार्टीभित्र तय गरिसकेको बताउनुभयो। उहाँले भन्नुभयो, 'अहिलेको निर्वाचन प्रणाली बदल्ने पर्छ। यो मेसिनरीले पार्टी, नेताहरुलाई पनि भ्रष्टीकरणको बाटोमा पुऱ्याउँछ। देशलाई अघि बढाउन कार्यकारी अधिकारसहित प्रत्यक्ष निर्वाचित शासन प्रणाली हुनुपर्दछ। हामी प्रदेश र सङ्घको चुनावको सङ्घारमा छौं। अहिले सबैभन्दा बढी छटपटी र चिन्तित पनि म छु। सङ्घीयता र गणतन्त्रमाथि जसरी प्रहार भइराखेको छ। विभिन्न नाम र कोणबाट यो परिवर्तनलाई निस्तेज पार्ने र यो परिवर्तनको नेतृत्व गर्ने आफ्नो पार्टी र नेतृत्वलाई निस्तेज गर्ने क्रम चलिराखेको छ। हेर्नुहोला(चुनावपछि म यो प्रणाली बदल्नका लागि सडकमा जान्छु। सडकबाट मात्रै समाजवादको परिकल्पना संविधानमा गर्न खोजेको हो। मैले कम्युनिस्ट पार्टी एकता गर्दा पनि समाजवादतिर लैजाने कुरा गरेको छु। त्यसलाई प्राप्त गर्न अब एकचोटि फेरी र यो मेसिनरी बदल्नका लागि जनतामा जानुको कुनै विकल्प छैन।'

अध्यक्ष प्रचण्डले समाजवादका यात्रालाई सुनिश्चित गर्नका लागि आफूले तत्कालीन एमाले र माओवादी केन्द्रबीच एकता गरेको तर त्यो टिक्न नसकेको पनि स्मरण गराउनुभयो। उहाँले एक वर्षभित्र देशमा आफू नेतृत्वको सडक सङ्घर्ष हुने र त्यसले देशमा विद्यमान शासन प्रणाली र निर्वाचन प्रणालीमा सुधार ल्याइ राजनीति क्षेत्रमा देखिएका सबै विकृति र विसङ्गतिको अन्त्य हुने दाबीसमेत गर्नुभयो। त्यसका लागि कम्युनिस्ट पार्टीहरूबीच एकता गरेर अघि बढ्ने उहाँको भनाइ थियो।

अध्यक्ष प्रचण्डले संसद् विघटन हुँदा भएको सडक आन्दोलनकै कारण त्यसको पुनर्स्थापना गर्न आफूहरू बाध्य भएको भनेर निलम्बित प्रधानन्यायाधीश चोलेन्द्रशमशेर जबराले स्वीकार गरेको स्मरण गराउँदै आफूहरू त्यही आन्दोलनकै बाटोबाट अघि बढ्ने बताउनुभयो।

# गढीमाई मन्दिरमा पूजापाठ सुरु



मनोज शाह

जीतपुर, १९ भदौ /जीतपुरसिमरा उपमहानगरपालिका वडा ९ छातपिपरास्थित गढीमाई मन्दिरको पुर्निर्माणपछि आयोजना गरिएका पूजामा आइतवार कलश यात्रा निकालिएको छ।

मन्दिरको पुर्निर्माणपछि गढीमाई मन्दिरको पूजापाठ आइतवारदेखि विधिवत रुपमा सुरु गरिएको हो। पूजाअघि मन्दिर परिशरबाट कलश यात्रा निकालिएको हो।

उपमहानगरपालिका वडा नम्बर ७ का स्वर्गीय कमल साहले निर्माण गर्नुभएको गढीमाई मन्दिर उहाँका छोरा प्रदिप गुप्ताले हाल भव्य मन्दिरको रुपमा पुनर्निमाण गर्नुभएको हो।

आफ्ना स्वर्गीय पिताले निर्माण गरेको मन्दिर जीर्ण भएको हुनाले अहिले आफूले निर्माण गरेको छोरा प्रदिप गुप्ताले बताउँनुभयो। मन्दिरको पुनर्निर्माण सम्पन्न भएपछि आइतबार हजारौं श्रद्धालु भक्तजनहरु सहित हात्ती, घोडा र बाजागाजाका साथ जल यात्रा निकालिएको थियो।

मन्दिर परिसरबाट निकालिएको जल यात्राले जीतपुर बजार परिक्रमा गरि जीतपुरसिमरा उपमहानगरपालिका वडा नम्बर ५ स्थित दुधौरा खोलाको जल लिएर फेरि मन्दिर परिसरमा फर्किएको र विधिवत रुपमा पूजा प्रारम्भ गरिएको स्थानीय आयुष गुप्ताले बताउनुभयो।

# 'नेकपा फुटाएर प्रचण्डलगायतका नेताहरूले दुनियाँसामु नेपालको बेइज्जत गरे'

काठमाण्डौ १९ भदौ / नेकपा एमालेका नेता घनश्याम भुसालले आउँदो प्रदेश सभा र प्रतिनिधि सभा चुनावअघि नै वाममोर्चा बनाउन नसक्नु देशका लागि ठूलो दुर्भाग्य भएको टिप्पणी गर्नुभएको छ। कम्युनिस्टहरू मोर्चाबन्दी गरेर अघि नबढ्ने हो भने आउँदो तीन/चार वर्षभित्रै देशमा ठूलो राजनीतिक उथलपुथल हुने र त्यसबाट कम्युनिस्टहरूले ठूलो मूल्य चुकाउनुपर्ने उहाँको चेतावनीसमेत थियो।



आइतवार काठमाण्डौमा आयोजित 'समाजवादको नेपाली मार्गचित्र' विषयक विचार गोष्ठीमा बोल्दै नेता भुसालले अहिले देखा परेको राजनीतिप्रतिको वितृष्णा, सत्ताप्रतिको वितृष्णा र दलहरूभित्रै रहेको उकुसमुकुसलाई नजरअन्दाज नगर्न पनि राजनीतिक नेतृत्वलाई सचेत गराउनुभयो। देशलाई राजनीतिक सङ्कटबाट रोक्ने हो भने वामपन्थीहरूबीच एकता गरेर अघि बढ्नुपर्ने उहाँले दोहोऱ्याउनुभयो।

उहाँले भन्नुभयो, 'राजनीतिप्रति वितृष्णा, सत्ताका प्रति वितृष्णा। राज्यप्रतिको घृणा सुरु भएको छ, यो चानेचुने कुरा छैन। राजनीतिक पार्टीहरूभित्र रहेको उकुसमुकुसलाई कसैले नजरअन्दाज नगरौं। म आउँदो तीन/चार वर्षभित्रमा एउटा ठूलो उथलपुथल देख्छु। त्यसले कम्तीमा आजको राजनीतिको नीतिहीनता, विचारहीनता, मनपरीतन्त्र कम्तीमा यति चाहिँ लैजान्छ। तर राजनीतिले त्योभन्दा धेरै कुरा हामीबाट लिन्छ। आज बाँचेका, हामी राजनीति गरेका, सत्तामा रहेकाहरूले यसको जवाफ दिनुपर्ने हुनेछ। हामीसँग राजनीतिले ठूलो मूल्य लिँदैछ। यो चुनावभन्दा अगाडि नै हामीले वाममोर्चा बनाउन सक्नुपर्थ्यो। बनाउन नसक्नु दुर्भाग्य हो।'

नेता भुसालले तत्कालीन नेकपालाई फुटाएर प्रचण्डलगायतका नेताहरुले दुनियाँ सामु नेपालको बेइज्जत गरेको जिकिरसमेत गर्नुभयो। उहाँले मञ्चमा रहनुभएका प्रचण्डलाई क्रमभङ्ग गरेर भए पनि कम्युनिस्टहरूबीच एकता गर्न ढिलाइ नगर्न आग्रह गर्नुभयो। उहाँले भन्नुभयो, 'कमरेड प्रचण्ड र अरू नेताहरूले त्यो एकता नभत्काएको भए, संसद् विघटन गरेर यो दुनियाँका अगाडि बेइज्जत नगरेको भए यस्ता सङ्कट थाम्ने नेपाली राजनीति बनेको थियो।'

नेता भुसालले संसद् विघटन गरेर सुरु भएको नेपालको राजनीतिक सङ्कट नेताहरू नमिल्ने हो भने झन् गहिरिए जानेसमेत बताउनुभयो।

## नेकपा एमालेद्वारा .....

निर्वाचनतर्फ बलवीर चौधरीको एकल नाम सिफारिस भएको छ। चौधरी नेकपा एमाले केन्द्रीय कमिटी सदस्य एवंव बारा जिल्ला ईन्चार्ज हुनुहुन्छ। बैठकले रामनाथ बैठा, राजदेव यादव, अमरदेव यादव, सहनाज नेसा, बन्दना सिंह र अरबिन्दप्रसाद यादवलाई समानुपातिकतर्फको उम्मेदवार सिफारिस गर्ने निर्णय गरेको छ।

त्यस्तै क्षेत्र नम्बर ३ बाट ज्वाला साह, अध्यानन्द पाण्डे र एम समिउल्लाको नाम सिफारिस भएको छ। सिफारिसमा पर्नुभएको साह एमाले पोलिटब्युरो सदस्य र पाण्डे जिल्ला कमिटी सचिव रहनुभएको छ। क्षेत्र नम्बर ४ बाट पनि देवनारायण चौधरीको एकल नाम सिफारिसमा परेको छ। चौधरी एमाले बारा जिल्ला पूर्वअध्यक्ष हुनुहुन्छ।

यसअघि शनिवार भएको बैठकले जिल्लाका ८ वटै प्रदेश सभा सदस्य निर्वाचन क्षेत्रबाट पनि उम्मेदवारहरुको नाम सिफारिस गरिसकेको छ। एमालेले सोमवार क्षेत्रीय कमिटीबाट सिफारिस भएर आएका उम्मेदवारको नाममा थप छलफल गरी प्रशेद समितिमा पठाउने जनाएको छ।

## एउटै निर्वाचन क्षेत्रमा ....

एमालेका उम्मेदवार सुन्दर विश्वकर्मासँग पराजित हुनुभएको थियो। शोभा लामा समानुपातिक तर्फको बहालवाला मधेस प्रदेशसभा सदस्य हुनुहुन्छ।

महासमिति सदस्य श्यामबाबु गुप्ता आफूलाई दाबेदार मानिरहनुभएको छ भने गत वैशाख ३० मा भएको स्थानीय तह निर्वाचनमा उपप्रमुखको टिकटका लागि अन्तिम समयसम्म दौडधुप गरेकी नारायणी रायमाझी नीरुले पनि महिला भएको कारण प्रदेशसभा सदस्यको टिकट आफूले नै पाउनुपर्ने दाबी गरिरहनु भएको छ।

प्रदेशसभा सदस्य उम्मेदवार हुनका लागि १० वर्ष पार्टीको क्रियाशील सदस्य भएको हुनुपर्ने भए पनि कतिपय दाबेदारको न्यूनतम मापदण्ड नपुगे पनि बाध्यताले सिफारिस गर्नुपरेको कांग्रेस स्रोतले जनाएको छ।

यता निर्वाचन क्षेत्र ४ (ख) का लागि कांग्रेसले समानुपातिक तर्फ १३ जनाको नाम सिफारिस गरेको छ। सिफारिस गरिएका दाबेदार उम्मेदवारको नामवाली क्षेत्रीय कमिटी, प्रदेश कमिटी हुँदै केन्द्रमा पठाउने र केन्द्रीय कमिटीले प्रत्यक्ष र समानुपातिकतर्फ १/१ जनाको नाममा अन्तिम निर्णय गरेर जिल्ला पठाउने सभापति भट्टराई बताउनुभयो। उहाँका अनुसार भदौ अन्तिमसम्म सबै क्षेत्रको उम्मेदवारहरुको नामावली टुंगो लाग्नेछ।

## रेडक्रस दिवसको ...

रक्तदान कार्यक्रममा ९ महिला र ४० पुरुष गरी जम्मा ४९ जनाले रक्तदान गरेको रेडक्रस उपशाखा सभापति नारायणप्रसाद शर्माले जानकारी दिनुभयो। रक्तदानमा नेपाल रेडक्रस सोसाइटी रक्त सन्चार केन्द्र वीरन्जका प्राविधिकहरुको सहयोग रहेको केन्द्रका प्रमुख सौरभराज पाण्डेले जानकारी दिनुभयो। यसअघि भएको रक्तदान कार्यक्रमको उद्घाटन समारोहमा निजगढ नगरपालिकका नगर प्रमुख सुरथ पुरीले रक्तदानको महत्व बारेमा बोल्नुभएको थियो।

## श्रोत नखुलेको ७ लाख....

ट्याकी मुनि लुकाइछिपाई राखेको अवस्थामा नेपाली रूपैया ७ लाख बरामद गरिएको पर्साका प्रहरी उपरीक्षक रमेशकुमार बस्नेतले बताउनुभयो।

बरामद नगद सहित कुर्मीलाई थप आवश्यक कारबाहीको लागि जिल्ला प्रहरी कार्यालय पर्सामा राखी बैंक तथा वित्तीय संस्था सम्बन्धी कसुरमा कारबाही अगाडि बढाइएको प्रवक्ता डिएसपी दिपक गिरीले बताउनुभयो।

# नेपाल कम्युनिष्ट पार्टी मकवानपुरको ४३ सदस्यीय जिल्ला समिति चयन

हेटौडा, १९ भदौ /नेपाल कम्युनिष्ट पार्टी (विप्लव) मकवानपुरको पाँचौ जिल्ला सम्मेलनको बन्द सत्रले सुर्यको नेतृत्वमा ४३ सदस्यीय जिल्ला समिति चयन गरेको छ।

यसअघि जिल्ला सेक्रेटरी वाटरको अध्यक्षतामा भएको कार्यक्रममा प्रमुख अतिथि पार्टीका केन्द्रीय सदस्य तथा जिल्ला इन्चार्ज सन्देश पौडेलले दीप प्रज्वलन गरि उद्घाटन गर्नुभएको थियो

जिल्ला सम्मेलन उद्घाटन कार्यक्रमपछि बन्दसत्र सुरु भएको थियो। बन्द सत्रमा सेक्रेटरी वाटरले ६ पेज लामो राजनितिक प्रतिवेदन पेश गर्नुभएको थियो। सेक्रेटरी वाटरले पेस गरेको प्रतिवेदन एकमतले पारित गरेको छ। बन्दसत्रमा जिल्लाका सबै स्थानीय तहवाट प्रतिनिधि, पर्यवेक्षक र स्वयमसेवक गरि २५० जनाको सहभागिता थियो। बारा जिल्ला ईन्चार्ज



विक्रमले सम्मेलनको सफलताको लागि शुभकामना दिनु भएको थियो। सम्मेलन रोयल पार्टी प्यालेस हेटौडामा सम्पन्न भएको हो।

## राजेन्द्र लिङ्देनद्वारा ....

उहाँले भन्नुभयो, 'व्यक्तिगतरूपमा म चाहिँ अब संसदमा आउँदिन। सानो पार्टीको अध्यक्ष हुनुको नाताले आउँदो चुनावमा संसदमा प्रभावकारी आफ्नो उपस्थिति बनाउनका लागि जनताको बीचमै जानका लागि बेसी समय खर्च गर्नुपर्छ। त्यस कारणले भत्ता पकाउनका लागि मात्रै संसद् आउन छोडेको पनि थिएँ। संसदको आयु मङ्सिर ४ गतेपछि पनि कायम राख्ने भन्ने ढङ्गको निर्णय गर्ने प्रक्रिया सुरु भएको हुँदा त्यसले मलाई असाध्यै लज्जित र दुखित तुल्यायो। संसद् पद त्यागेको यहीँबाट घोषणा गर्न चाहन्छु' सांसद् लिङ्देनले आउँदो चुनावपछि एक्लो सांसदको रूपमा मात्र नभए बलियो पार्टीको रूपमा संसदमा उपस्थित हुने र संसदबाट गलत निर्णय गर्न नदिने सङ्कल्पका साथ नागरिकमाझ जाने बताउनुभयो।

# चीनको राष्ट्रिय जनकंग्रेसका अध्यक्ष ली चान्सु नेपाल आउँदै

काठमाण्डौं,१९ भदौ /चीनको राष्ट्रिय जनकंग्रेसका अध्यक्ष ली चान्सु आउँदो २७ गते नेपाल आउनुहुने भएको छ। अध्यक्ष चान्सु सभामुख अग्निप्रसाद सापकोटाको निमन्त्रणमा चार दिने भ्रमणमा लागि नेपाल आउन लाग्नुभएको परराष्ट्र मन्त्रालयले जनाएको छ। नेपाल भ्रमणमा आउन लाग्नुभएका चान्सु चिनियाँ कम्युनिस्ट पार्टी (सीपीसी) मा तेस्रो र चीनको संविधानअनुसार राज्य सत्ताको भूमिकामा दोस्रो वरीयतामा रहनुभएको छ। भ्रमणका क्रममा चान्सु र सभामुख सापकोटाबीच द्विपक्षीय भेटवार्ता हुनेछ। यस्तै चान्सुले राष्ट्रपति र प्रधानमन्त्रीसँग शिष्टाचार भेटवार्ता गर्नुहुने परराष्ट्र मन्त्रालयले जनाएको छ। चिनियाँ जनकंग्रेसका अध्यक्ष चान्सु नेपाल भ्रमणमा आउने राष्ट्रपति सी जिनपिङपछिका दोस्रो ठूलो तहका नेता हुनुहुन्छ।

## सशस्त्र प्रहरीद्वारा...

गरेको सामानहरुको बजार मुल्य १३ लाख ४२ हजार ४ सय ७९ रुपैया रहेको सशस्त्र प्रहरी बल नेपाल १३ नम्बर गण पर्साका प्रवक्ता डिएसपी सन्तोषकुमार बस्नेतले जनकारी दिनुभयो।

# मोटरसाइकल हराएको सूचना

मेरो यामाहा कम्पनीको FZS V3 ABS मोडेलको प्र.२ ०३ ००२ प ३०९७ नम्बरको मोटरसाइकल मिति २०७९।५।१३ गते घरमै राखेको अवस्थामा राति हराएको हुँदा फेला पर्नुहुने वा कुनै सूचना प्राप्त गर्नुहुने महानुभावले नजिकको प्रहरी चौकी वा तलको नम्बरमा खबर गरिदिनुहुन अनुरोध छ।

तपसिल :
इन्जिन नं. G3J3E0473205
च्यासिस नं. ME1R4144B6K0040636
नाम : नेत्रप्रसाद गौतम
ठेगाना : निजगढ नगरपालिका वडा नम्बर २
सम्पर्क नम्बर : ९८५५०२९६००

हामा
आइरन एण्ड स्टील
हामा स्टील
१००% प्राइम बिलेटबाट उत्पादित

शान्ति ट्राभल्स
वीरगंज – गौर
समय : बिहान ५:५५ बजे।
गौर – वीरगंज
समय : बिहान ११-२५ बजे।
रमेश : ९८४५१६२४१८

मात्री भाग्य रेखा
वीरगंज -काकरभिठ्ठा
वीरगंजबाट खुल्ने समय
बिहान : ५:२५ बजे
मोवाईल नम्बर :
९८०६८०६५००

JAGDAMBA
STEEL
देशको मेरुदण्ड

# अब जबरासँग सुरूमा बयान लिइने र अन्तिममा एकै पटक प्रतिप्रश्न गरिने



काठमाण्डौ १९ भदौ / महाअभियोग सिफारिस समितिले निलम्बित प्रधानन्यायाधीश चोलेन्द्रशमशेर जबराको बयानका लागि बनाएको विधि परिमार्जन गरेको छ ।

आइतवार समितिले बयान लिने क्रममा नै प्रतिप्रश्न गर्दा समय लामो हुने भएकोले सुरुमा बयान लिने र अन्तिममा एकै पटक आधिकारिकतामा आधारित प्रतिप्रश्न गर्ने विधि बनाएको हो । समितिले आइतवार प्रधानन्यायाधीश जबरासँग तेस्रो दिनको बयान लिएको छ । आइतवारको बैठकमा एक घण्टामा पाँच वटा प्रश्नको बयान लिएर अर्को बैठक भदौ २५ गतेलाई बोलाइएको नेपाली कांग्रेसका सांसद एवम् महाअभियोग सिफारिस समितिका सदस्य मीन विश्वकर्माले बताउनुभयो ।

बैठकपछि सञ्चारकर्मीसँग कुरा गर्दै उहाँले आजको बैठकमा न्याय सम्पादनमा प्रधानन्यायाधीशको भूमिका ढिला(सुस्ती र न्यायमा विचलन ल्याएकोबारे बयान लिइएको बताउनुभयो । उहाँले मुद्दा खेपिराखेका रञ्जन कोइरालाको सजाय घटाउने फैसलाका बारेमा पनि समितिले आइतवार बयान लिएको बताउनुभयो । बयानमा प्रधानन्यायाधीश जबराले सकेसम्म चाँडै फैसला सकेको कुरा राख्नुभएको सांसद विश्वकर्माले बताउनुभयो ।

सांसद विश्वकर्माले बयानमा प्रधानन्यायाधीश जबराले न्यायका लागि विवेकको ठाउँ दिएको उल्लेख गर्दै पारिवारिक अवस्थालाई हेरेर रञ्जन कोइरालाको सजाय कटौती गरेको बताउनुभएको जानकारी दिनुभयो । बयानमा प्रधानन्यायाधीश जबराले यदि रञ्जन कोइरालाको सजाय कटौती गरेको कुरामा नै महाअभियोग लगाइएको भए आफू महाअभियोग स्वीकार गर्न तयार रहेको बताउनुभएको पनि सांसद विश्वकर्माले स्पष्ट पार्नुभयो । उहाँले समितिको अर्को बैठकमा प्रधानन्यायाधीशको बयान सकिने पनि स्पष्ट पार्नुभयो ।

सांसद विश्वकर्माले समितिको बैठक भदौ २५ गते ढिलो गरेर बोलाउनुको रहस्य चुनावको तयारी र सचिवालयलाई बयानको व्यवस्थापन गर्न लाग्ने समय भएको पनि स्पष्ट पार्नुभयो ।

# सिमरा जेसिजव्दारा पब्लिक स्पिकिङ र समय व्यवस्थापन अभिमुखीकरण कार्यक्रम



सिमरा, १९ भदौ /क्षमता अभिवृद्धिका लागि सिमरा जेसिजको आयोजनामा पब्लिक स्पिकिङ तथा समय व्यवस्थापन सम्बन्धि अभिमुखिकरण कार्यक्रम आइतवार सम्पन्न भएको छ

सिमरा कलेजमा आयोजित कार्यक्रम नेपाल जेसिजबाट २०२१ मा टिओटी गरिसकेका रन्जित सापकोटा र द्वारिकाराज पौडेलले सहजीकरण गरेका थिए ।

कार्यक्रम जीतपुरसिमरा उपमहानगरपालिकाका नगर उपप्रमुख भोलाप्रसाद अधिकारीको प्रमुख आतिथ्यता र सिमरा जेसिज वर्ष २०२२ का अध्यक्ष पुरुषोत्तम अधिकारीको अध्यक्षतामा सम्पन्न भएको थियो । कार्यक्रममा सिमरा कलेजका ६० जना विद्यार्थीको सहभागिता रहेको थियो ।

# २० वर्षदेखि फरार प्रतिवादी पक्राउ



निजगढ, १९ भदौ /बारा प्रहरीले जिउँ मास्ने बेच्ने तथा डाँका मुद्दामा २० वर्षदेखि फरार एक प्रतिवादीलाई पक्राउ गरेको छ ।

प्रहरी चौकी गंजभवानीपुरबाट खटिएको प्रहरी टोलीले जिउ मास्ने बेच्ने तथा डाँका मुद्दामा फरार रहेका प्रतिवादी करैया गाउँपालिका वडा नम्बर ३ का शत्रुधन साह कानुलाई शनिवार पक्राउ गरेको हो । साहलाई महागढीमाई नगरपालिका वडा नम्बर १० गंजभवानीपुर बजारमा लुकीछिपी हिडडुल गरिरहेको अवस्थामा फेला पारी पक्राउ गरेको प्रहरीले बताएकोछ ।

प्रतिवादी साहसहितको ७/८ जनाको टोलीले जिल्ला बारा करैयामाई गाउँपालिका वडा नम्बर ३ बस्ने रामअयोध्याप्रसाद केशरीको छोरा देवेन्द्रप्रसाद केशरीलाई कलैयास्थित निर्माणाधिन घरबाट फर्किने क्रममा पसाह खोला किनारमा २०५९ जेष्ठ ३१ गते हातहतियार देखाएर उनको साथमा रहेको नगद १० हजार लुटपाट गरी भारतको आदापुरमा लगेर भारतीय नागरिकलाई २० हजार रुपैयामा बिक्री गरेको मुद्दा बारा जिल्ला अदालतमा मुलतबीमा रहेकोर कानुनबमोजिम कारबाहीको लागि सम्मानित जिल्ला अदालतमा पेश गरिएको जिल्ला प्रहरी कार्यालय बाराका प्रहरी निरीक्षक रामकाजी थापाले जानकारी दिनुभयो ।

# वीरगन्ज महानगरको डेढ महिनाको आय ७ करोड

वीरगन्ज, १९ भदौ /वीरगन्ज महानगरपालिकाले डेढ महिनामा ७ करोडभन्दा बढी आन्तरिक आय संकलन गरेको छ ।

आर्थिक वर्ष २०७९/८० को साउन १ गतेदेखि भदौ १७ गतेसम्म महानगरले ७ करोड ४३ लाख ३० हजार ७ सय ९४ रुपैयाँ आन्तरिक राजस्व संकलन गरेको हो । महानगरपालिकाले सम्पत्ति कर, घर जग्गा रजिष्ट्रेसन दस्तुर, घर बहाल कर, सवारी साधन कर, पूर्वाधार उपयोगमा लाग्ने कर, आखेटोपहारमा लाग्ने कर, न्यायिक, नक्सापास, सिफारिस तथा नाता प्रमाणित दस्तुर, व्यक्तिगत घटना दर्ता लगायतका शीर्षकमा आन्तरिक आम्दानी गर्दै आएको छ ।

चालु आर्थिक वर्षमा आन्तरिक आय ९८ करोड २१ लाख रुपैयाँ पुर्‍याउने लक्ष्य महानगरले राखेको छ। महानगर बन्नका लागि आन्तरिक आम्दानी १ अर्ब रुपैयाँभन्दा माथि हुनुपर्ने उल्लेख छ ।

तर स्थानीय सरकार गठन भई एक कार्यकाल वितिसक्दा समेत वीरगन्ज महानगरपालिकाले १ अर्ब रुपैयाँ राजस्व संकलन गर्न सेकेको छैन। सम्पत्ति कर लगायत केहि राजस्व शीर्षकको दर घटाए पनि लक्ष्य अनुसार राजस्व संकलन हुने राजस्व शाखाका अधिकृत मनोज कर्णको दावी छ। कवाडी कर नै साढे ६ करोडमा ठेक्का लागेको छ, मालपोत रजिष्ट्रेसनको पैसा पनि आउँछ । सम्पत्ति करमा ठूला करदाताको नै करोडौं बक्यौता रहेको भन्दै उहाले सम्पत्ति करको लक्ष्य जम्मा १६ करोड रुपैयाँ राखिएकोमा डेढ महिनामा २ करोड रुपैयाँ आइसकेको छ। त्यसैले लक्ष्य अनुसारकै राजस्व संकलन हुने विश्वास रहेको बताउनुभयो ।

# करेन्ट लागेर किशोरीको मृत्यु



रौतहट, १९ भदौ /रौतहटको गरुडा नगरपालिकामा करेन्ट लागेर एक किशोरीको मृत्यु भएको छ ।

मृत्यु हुनेमा गरुडा नगरपालिका वडा नम्बर २ का दिनेश सहनीको १४ वर्षीया छोरी अमरिका कुमारी सहनी रहेकी छन ।

सहनीको मोटरबाट नुहाउने क्रममा मोटरमा करेन्ट प्रवाह भई घटनास्थलमै मृत्यु भएको प्रहरीले जनाएको छ । घटनाबारे थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

# राजेन्द्र लिङ्देनद्वारा सांसद पद त्यागेको घोषणा



काठमाण्डौं,१९ भदौ /राष्ट्रिय प्रजातन्त्र पार्टीका अध्यक्ष एवम् सांसद राजेन्द्रप्रसाद लिङ्देनले सांसद पद त्यागेको घोषणा गर्नुभएको छ ।

आइतवारको प्रतिनिधि सभा बैठकमा समय माग गरी बोल्दै सांसद लिङ्देनले प्रतिनिधि सभाको यस कार्यकालमा सांसदको रूपमा संसदमा उपस्थित नहुने घोषणा गर्नुभएको हो । उहाँले आफूले पाउने तलब, भत्ता तथा सुविधाको समेत रोक्का गर्न संसद् सचिवालयलाई आग्रह गर्नुभयो। उहाँले संसद्को आयु मङ्सिर ४ गतेको चुनावपछि पनि कायम राख्ने गरी प्रक्रिया अघि बढेपछि त्यसप्रति असन्तुष्ट हुँदै सांसद पद त्याग गर्ने निर्णय लिएको जानकारी दिनुभयो ।

बाँकी तेश्रो पेजमा

# महिला नेतृ सिमा गुप्ता एमालेमा प्रवेश



राजन कुमार बानिया

पोखरिया, १९ भदौ /पर्साको कालिकामाई गाउँपालिका वडा नम्बर ४ निवासी महिला नेतृ सिमा गुप्ता एमालेमा प्रवेश गर्नुभएको छ । आइतवार जिराभवानीको भवानीपुरमा एमालेले आयोजना गरेको चुनावी कार्यक्रममा गुप्ता आफ्ना समर्थकसहित एमालेमा सम्मिलित हुनुभएको हो ।

जिल्लामा सक्रिय महिला अगुवा गुप्तालाई एमाले पर्साका अध्यक्ष जयप्रकाश थारू, नेता जालिम मियां, पवन तिवारी, उषादेवी थरूनी लगायतले टिका र माला लगाएर पार्टीमा स्वागत गर्नुभएको थियो ।

पछिल्लो डेढ दशकदेखि माओवादी पार्टीमा आबद्ध बनेर राजनीति गर्दै आउनुभएकी गुप्ताका पिता बासदेव प्रसाद कलवार साविकको प्रशुराम गाविसमा पटकपटक प्रधानपन्च र अध्यक्षमा निर्वाचित हुनुभएको थियो । बुबाको स्वर्गवासपछि सिमा राजनीतिमा सक्रिय हुदै आउनुभएको छ ।

# एमाले रौतहट क्षेत्र नं ४ बाट प्रतिनिधिसभा सदस्यमा ३ जनाको नाम सिफारिस

रौतहट, १९ भदौ /नेकपा एमाले रौतहट क्षेत्र नं ४ बाट प्रतिनिधिसभा सदस्यका लागि ३ जनाको नाम सिफारिस भएको छ। रौतहट क्षेत्रनं ४ को क्षेत्रिय कमिटिको बैठकबाट प्रतिनिधिसभा सदस्यका लागि उद्धव रेग्मी, अखिलेश्वर चौधरी र बैजनाथ साहनीको नाम सिफारिस भएको हो । निर्वाचन क्षेत्र नम्बर ४ को क बाट प्रदेशसभा सदस्यका लागि खड्गबहादुर बम्जन, अशोककुमार पहाडी, सुनिल तिमलसिना, प्रमोद चौधरी र प्रलाद पौडेलको नाम सिफारिस भएको नेकपा एमाले जिल्ला सचिव बालबिक्रम कार्कीले जानकारी दिनुभयो । उहाँका अनुसार क्षेत्रको ख बाट प्रदेशसभा सदस्यमा शेख दाउद, शेख हजाज,नागेन्द्र साह र रिता बस्नेतको नामे सिफरिस गरेर पठाइएको छ ।

उत्पादन बढाऔं र औद्योगिकीकरणमा सहयोग गरौं

- विलासिताका वस्तु तथा सेवाको उपयोग घटाऔं।
- देखासिकी नगरौं, आफ्नो आर्थिक क्षमताको पहिचान गरौं।
- आर्थिक मितव्ययी बनौं, फजुल खर्च नगरौं।
- रकम बचत गरी विश्वसनीय बैंक तथा वित्तीय संस्थामा जम्मा गरौं।
- स्थानीय स्रोत र साधन परिचालन गरी उत्पादन बढाऔं।
- आर्थिक रुपमा सक्षम बनौं, राष्ट्रिय पूँजी निर्माणमा योगदान पुऱ्याऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

# सशस्त्र प्रहरीव्दारा १३ लाख मुल्यको सामान भन्सार दाखिला



नविन चौधरी

वीरगन्ज, १९ भदौ /पर्सा जिल्लास्थित सशस्त्र प्रहरी बल १३ नम्बर गणले १३ लाख मुल्य बराबरको लत्ता कपडा, मोबाइल पार्टस, मोटर पार्टस, किराना समानहरु, मोटरसाइकल तथा काठ लगायतका समानहरु बरामद गरी भन्सार कार्यालयमा बुझाएको छ

जिल्लाका विभिन्न विओपीहरुबाट खटिएको सशस्त्र प्रहरीको टोलीले अवैध रुपमा भन्सार छली भित्र्याइएका समानहरु पक्राउ गरी भन्सार कार्यालय वीरगन्जमा बुझाइएको हो ।

खुला सीमाका कारण हुने अवैध भन्सार चोरी निकासी नियन्त्रण गर्न सशस्त्र प्रहरीलेसक्रिय बढाउँदै बरामद

बाँकी तेश्रो पेजमा

प्रबन्ध संचालक :- सबिता चालिसे उपाध्याय ९८५५०२१८८६, , सम्पादक :- गोकुल घोरसाईने, ९८५५०२४४५५, कार्यकारी सम्पादक : कृष्णउदास खनाल,
विशेष संवाददाता :-दुष्यान्त चौधरी ९८४३११३४३५, कार्यालय :- निजगढ नगरपालिका वार्ड नम्बर-४ बारा email:- kreepadaily@gmail.com, मुद्रक :- के.एस. मल्टिप्रपोज प्रा.ली.